# कर्मचारी आवश्यकता

(प्रथम पटक प्रकाशित मितिः २०७६/११/०५)

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत प्राप्त दश जिल्ला कार्य क्षेत्र भएको यस **आँधिखोला लघुवित्त वित्तीय संस्था लि. भीरकोट न.पा.-१, बयरघारी, स्याङजा**लाई केन्द्रीय तथा शाखा कार्यालयको लागि मेहनती, इमान्दार, अनुभवी तथा ग्रामीण क्षेत्रमा काम गर्न प्रतिबद्ध कर्मचारीहरुको आवश्यकता भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट तपसिल बमोजिमका पदहरुको लागि मिति २०७६/११/१९ गते कार्यालय समयभित्र निवेदन, बायोडाटा, नेपाली नागरिकता, शैक्षिक योग्यता, अनुभवका प्रमाणपत्र, लगायत अन्य कागजातको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साइजको फोटो सहित दरखास्त आह्वान गरिन्छ।

**तपसिल**

| विज्ञापन नं. | पद | श्रेणी | संख्या | योग्यता |
|---|---|---|---|---|
| ०१/२०७६/७७ | सहायक प्रबन्धक | व्यवस्थापकीय | १ | स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थामा कम्तीमा अधिकृत तहमा ३ वर्ष केन्द्रीय कार्यालयमा विभागीय प्रमुखको कार्य अनुभव भएको हुनुपर्नेछ। |
| ०२/२०७६/७७ | अधिकृत/कनिष्ठ अधिकृत | अधिकृत | केहि | **अधिकृतः** स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण भएको वा प्रविणता प्रमाण पत्र तथा सो सरह उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थामा कम्तीमा ५ वर्ष बरिष्ठ सहायक वा शाखा प्रमुख भै कार्य गरेको अनुभव भएको। अनुगमन अधिकृतको रुपमा कार्य गरेकालाई विशेष प्राथमिकता दिईनेछ।<br><br>**कनिष्ठ अधिकृतः** स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण भएको वा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थामा कम्तीमा ३ वर्ष बरिष्ठ सहायक वा शाखा प्रमुख भै कार्य गरेको अनुभव हुनुपर्नेछ। केन्द्रीय कार्यालयमा वा अनुगमन अधिकृतको रुपमा कार्य गरेकालाई विशेष प्राथमिकता दिईनेछ। |
| ०३/२०७६/७७ | बरिष्ठ सहायक/सहायक | सहायक | केहि | स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण भएको वा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थामा कम्तीमा २ वर्ष सहायक तहमा कार्य गरेको अनुभव तथा कम्प्युटर सम्बन्धी राम्रो ज्ञान भएको हुनुपर्नेछ। शाखा प्रमुखको जिम्मेवारी लिई कार्य गरेकालाई प्राथमिकता दिईनेछ। |
| ०४/२०७६/७७ | कनिष्ठ सहायक प्रशिक्षार्थी | सहायक | केहि | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा एस एल सी वा सो सरह परीक्षा उत्तीर्ण तथा कम्प्युटर सम्बन्धी राम्रो ज्ञान भएको हुनुपर्ने साथै ग्रामीण क्षेत्रमा काम गर्न इच्छुक भएको हुनुपर्नेछ। |

**नियुक्तिको प्रकृती** : स्थायी किसीमको हुनेछ साथै कनिष्ठ सहायक प्रशिक्षार्थी पदको प्रशिक्षण अवधि कम्तीमा ६ महिनाको हुनेछ। उक्त अवधिमा निर्धारित कार्यसम्पादन सन्तोषजनक भएमा मात्र यस वित्तीय संस्थाको नियमानुसार परिक्षण कालको नियुक्ती दिइनेछ। प्रशिक्षण अवधि भर तोकिएको प्रशिक्षण भत्ता मात्र दिइनेछ।

**थप जानकारी:**

१. **परीक्षाको किसिम** : विज्ञापन नं ०१, ०२ र ०३ अन्तरवार्ता तथा विज्ञापन नं ०४ को हकमा अन्तरवार्ता/फिल्ड अवधारण वा दुबै हुनेछ। सबै पदको लागि सवारी चालक अनुमति पत्र भएकालाई विशेष प्राथमिकता दिईनेछ।

२. **उमेरको हद** : विज्ञापन नं ०१ को लागि २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको, विज्ञापन नं ०२ को लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको तथा विज्ञापन नं ०३ र ०४ को लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ। (महिला आवेदकको लागि माथिल्लो उमेरको हदमा पाँच वर्ष थप हुनेछ)

३. **आवेदन पठाउने ठेगाना** : संस्थाको केन्द्रीय कार्यालय वा इमेलः **hr@albs.com.np** मा रित पूर्वक तोकिएको समयभित्र प्राप्त सबै आवेदन उपर छानबिन गरी छोटो सूचीमा परेका आवेदकहरुलाई मात्र अन्तरवार्ता/फिल्ड अवधारणको लागि सम्पर्क गरिनेछ।

***नोट : कर्मचारी आवश्यकताको विज्ञापन आंशिक वा पूर्ण रुपमा रद्ध गर्ने सम्पुर्ण अधिकार यस वित्तीय संस्थामा निहित रहनेछ।***

**पदपूर्ति समिति**

**आँधिखोला लघुवित्त वितीय संस्था लि.**
**Adhikhola Laghubitta Bittiya Sanstha Ltd.**
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था, १०(दश) जिल्ला कार्यक्षेत्र भएको

**केन्द्रीय कार्यालय :**
**भीरकोट न.पा.-१, बयरघारी, स्याङ्जा**
**फोन नं. : ०६३-४००१०३**